# कार्य क्षेत्रगत शर्त

**(Terms of Reference for Local Service Provider)**

## (क) परामर्शदाताले गर्नु पर्ने कामको पृष्ठभूमि र उद्देश्य

### क.१. पृष्ठभूमिः

नेपालको सन्दर्भमा वैदेशिक रोजगारी जिवीकोपार्जनको एक प्रमुख माध्यमको रुपमा रहेको देखिन्छ । वैदेशिक रोजगारीले नेपालको गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले परिवार तहमा मात्र नभई राज्यको समग्र आर्थिक सुचकलाई सन्तुलन गर्न ठुलो टेवा दिएको छ । वैदेशिक रोजगारी नेपालका लागि वैदेशिक मुद्रा आर्जनको सबैभन्दा ठुलो श्रोत रहेको छ र नेपालको आयातमुखी अर्थतन्त्र धान्नका लागि सबैभन्दा बढी योगदान दिई रहेको छ । यी सबै महत्वपूर्ण तथ्य तथ्यांङ्कहरुका बाबजुद वैदेशिक रोजगारको क्षेत्र विभिन्न कारणले समस्याग्रस्त रहेको छ । विशेष गरी वैदेशिक रोजगारीमा जाने कामदार तथा तिनका परिवार र साथै राज्यले यस क्षेत्रबाट जुन मात्रामा लाभ पाउनु पर्ने हो त्यो प्राप्त गर्न नसकिरहेको परिस्थिति देखिन्छ । वैदेशिक रोजगारीमा जाने ठुलो संख्याका कामदार तथा तिनका परिवारहरु ठगी, शोषण तथा विभिन्न प्रकारका धोकापूर्ण अवस्थामा परेका देखिन्छन् भने यसैका कारणले राज्य, समाज तथा परिवारले बढ्दो सामाजिक लागतको भार समेत ब्योहोर्नु पर्ने परिस्थीती सृजना भएको देखिन्छ ।

उल्लेखित परिवेशलाई केही हदसम्म सम्बोधन गर्दै वैदेशिक रोजगारीमा जाने व्यक्ति तथा परिवारहरुको सो प्रयासलाई सुरक्षित, व्यवस्थित तथा उपलब्धीमुलक बनाउनका लागि नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकारको संयुक्त प्रयासमा सुरक्षित आप्रवासन परियोजना (सामी) शुरुवात भएको हो । यस परियोजनाले वैदेशिक रोजगारमा जानका लागि कसैलाइ प्रेरित गर्दैन तथा नजानका लागि हतोत्साहित पनि पार्दैन । यो परियोजना नेपाल सरकार तथा स्वीस सरकार विकास सहयोग बीच २४ अषाढ २०६८ (८ जुलाई २०११) मा सम्झौता भई पाइलट परियोजनाका रुपमा *खोटाङ्ग र सर्लाही* जिल्लाबाट शुरुवात भएको हो । सो पाइलट चरणमा परियोजनाले प्राप्त गरेको महत्वपूर्ण उपलब्धिहरु र उपयोगी सिकाइहरुका आधारमा परियोजनालाई विस्तार गर्नु अत्यन्त सान्दर्भिक हुने निश्कर्षका साथ दुवै सरकार बिच २१ आषाढ २०७० (५ जुलाई २०१३) मा परियोजनाको दोश्रो चरणको सम्झौता भई सोही अनुरुप माथि उल्लेखित दुई जिल्ला र काठमाडौं सहित जम्मा १९ वटा जिल्लाहरुमा परियोजना विस्तार भई कार्यान्वयनमा आयो । परियोजनाको समग्र नेतृत्व नेपाल सरकार, तत्कालिन श्रम तथा रोजगार मन्त्रालयले लिएको थियो भने परियोजना कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रालय तथा हेल्भेटास स्वीस ईन्टरकोअपरेसन नेपालले संयुक्त रुपमा लिएका थिए ।

परियोजना कार्यान्वयन भएको विगत ८ बर्षको अवधिमा नेपालमा वैदेशिक रोजगारीको परिदृष्यमा खासै परिवर्तन भएको छैन । नेपालबाट वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दै रहेको र त्यसबाट श्रृजित समस्या तथा चुनौतीहरु पनि बढ्दो क्रममा रहेको हुँदा परियोजनाको सान्दर्भिकता समेत थप बढ्दै गएको देखिन्छ । सोही तथ्यलाई दृष्टिगत गर्दै नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकार बिच २०७५ भाद्र २० गते सम्पन्न सम्झौता अनुसार आर्थिक वर्ष २०७५/७६ आश्विन देखी २०७८/७९ को असार मसान्तसम्मका लागि परियोजनाको तेश्रो चरण कार्यान्वयन हुनेछन् । परियोजनाको मुख्य क्रियाकलापहरुमा आप्रवासी श्रोत केन्द्र लगायत अन्य विभिन्न माध्यमबाट सुरक्षित आप्रवासन सम्बन्धि जनचेतना, वैदेशिक रोजगारीमा जानु पूर्व आवश्यक सुचना तथा परामर्श, सीप विकास तालिमको लागि अभिप्रेरित तथा सहयोग, वैदेशिक रोजगारीका पीडितहरुलाई कानुनी उपचार, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता, गन्तब्य मूलुकमा समस्यामा परेमा सहयोग, वैदेशिक रोजगारी सम्बन्धी अनुसन्धान, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको विषयगत तथा सेवा प्रदान गर्न सहयोग आदि रहेका छन् । यो परियोजना ३९ जिल्लामा स्थानीय सरकार मार्फत संचालन गरिने छ । वैदेशिक रोजगारमा जान इच्छुक महिला तथा पुरूषहरुलाई आवश्यक र सही

सूचना प्रदान गरी उनीहरुलाई जानकार गराई स्वनिर्णय गर्ने क्षमताको विकास गर्न मद्दत गर्ने यस परियोजनाको ध्येय रहेको छ ।

संविधान र अन्य विभिन्न ऐनहरुले स्थानीय सरकारलाई महत्वपुर्ण अधिकार, जिम्मेवारी तथा दायित्वहरु सुम्पिएको छ । यस सन्दर्भमा त्यस्ता कार्यहरु सम्पन्न गर्न स्थानीय सरकारले आवश्यकता अनुसार सेवा प्रदायक संस्था छनौट गरी कार्य संचालन गर्न सक्ने अधिकार पनि प्राप्त छ । स्थानीय सेवा प्रदायक संस्थाले सुरक्षित आप्रवासन सम्बन्धी विभिन्न कार्यक्रमहरुको कार्यान्वयन गर्नु पर्नेछ । स्थानीय सेवा प्रदायक संस्था मार्फत काम गर्दा सबै सरोकारवालाहरुको संग्लनता साथै उनीहरुको जवाफदेहितामा वृद्धि हुने तथा स्थानीय सरकारलाई कियाकलापहरुको गुणस्तर अनुगमन गर्न पनि सघाउ पुग्दछ । तसर्थ सुरक्षित आप्रवासन परियोजनाले स्थानीय तहहरुमा सञ्चालन गर्ने क्रियाकलापहरु स्थानीय सेवा प्रदायक संस्था मार्फत गर्दा उपयुक्त हुने र सो प्रयोजनका लागि स्थानीय तहहरुले प्रचलित ऐन, नियमावली, कार्यविधीहरुको अधिनमा रही निष्पक्ष र विवाद रहित ढंगमा तोकिएका सेवाहरु प्रदान गर्न सक्षम सेवा प्रदायक संस्था छनौट गरी सोही मार्फत कार्य सञ्चालन गर्ने पद्धति अवलम्बन गरेको छ । भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, दमक नगरपालिका र गौरीगञ्ज गाउँपालिकाहरुको संयुक्त पहलमा खरिद कार्यविधि सहज र प्रभावकारी बनाई कार्यक्रम आयोजना संचालन हुनेछ ।

## (ख) परामर्शदाताले गर्नु पर्ने कामको उद्देश्य

**परियोजनाको लक्ष्य:**

परियोजनाको समग्र दुरदृष्टि र लक्ष्य "वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र तिनका परिवार सम्बन्धित राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मुलुकको मर्यादित कार्य वातावरणबाट लाभान्वित हुन" रहेको छ । यस अनुसार **परियोजनाको प्रमुख उपलब्धी** *महिला तथा पुरुष आप्रवासी कामदार र उनका परिवार एवं सीमान्तकृत समूह समेतको, वैदेशिक रोजगारीबाट प्राप्त हुने प्रतिफलमा वृद्धि र आप्रवासनका कारणबाट सृजित सामाजिक असरहरू एवं लागत न्यूनीकरण भएको हुने तथा तीनै तहका सरकारहरुले प्रभावकारी संयन्त्रको प्रयोगद्वारा वैदेशिक रोजगारीमा रहेका कामदार तथा उनका परिवारहरूको संरक्षण गर्ने रहेका* छन् । यस कार्यक्रमको प्रमुख प्रतिफल तथा उद्देश्यहरु तपसिल बमोजिम रहेका छन :

ख.१.१. कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरूका वैदेशिक रोजगारमा जान चाहने महिला तथा पुरुषहरूमा आफ्नो वैदेशिक रोजगारीलाई कसरी सुरक्षित बनाउने भन्ने विषयमा सूचनाको पहुँच पुगेको हुनेछ ।

ख.१.२. वैदेशिक रोजगारीका क्रममा ठगी वा शोषणमा परेका पीडित आप्रवासी कामदारलाई कानुनी उपचार तथा यस सम्बन्धी अन्य सेवाहरु प्राप्त हुनेछ ।

ख. १.३. वैदेशिक रोजगारको कममा पीडामा परेका कामदार तथा उनका परिवारहरूलाई सामाजिक सहयोग प्राप्त हुनेछ ।

ख.१.४. वैदेशिक रोजगारीमा जाने आप्रवासी कामदारले श्रम गन्तव्य मुलुकका रोजगारदाताहरुबाट मान्यता प्राप्त सीप प्राप्त गर्नेछन् ।

ख.१.५. वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारहरुले प्राप्त विप्रेषणको व्यवस्थापन तथा बचत वृद्धि गर्न आवश्यक सीप हासिल गर्नेछन् ।

ख.१.६. प्रभावकारी नीतिगत छलफलका लागि आप्रवासी हक अधिकारकर्मीहरुसंग आवश्यक सीप तथा प्रमाणहरु हुनेछन् ।

ख.२.१ सुरक्षित र व्यवस्थित वैदेशिक रोजगारको सुनिश्चितता गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको क्षमता विकास भएको हुनेछ ।

ख.२.२ वैदेशिक रोजगार विभागमा स्थापित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी संचालन तथा विस्तार हुनेछ ।

ख.२.३ वैदेशिक रोजगार सम्बन्धी आप्रवासी श्रोत केन्द्रहरुलाई सहयोग गर्न वैदेशिक रोजगार बोर्डमा राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको विकास गरिएको हुनेछ साथै वैदेशिक रोजगारको लागि सीप/तालिम प्रदान गर्न संयन्त्रको विकास हुनेछ ।

ख.२.४ वैदेशिक रोजगार सम्बन्धि रणनैतिक तथा समन्वयात्मक भूमिका निर्वाह गर्न छानिएका प्रदेश सरकारहरुको क्षमता अभिवृद्वि हुनेछ ।

ख.२.५ वैदेशिक रोजगार सम्बन्धी सेवाहरू सञ्चालन गर्न आप्रवासी श्रोत केन्द्र रहेको स्थानीय तह र अन्य स्थानीय तहहरूले सहयोग गर्नेछन् ।

ख.२.६ आप्रवासी स्रोतकेन्द्रहरूले सुरक्षित आप्रवासन सम्बन्धी सेवाहरू प्रभावकारी रूपमा प्रवाह गर्न आवश्यक सहयोग पुऱ्याउने छन् ।

परियोजनाले संघीय, प्रदेश तथा स्थानीय सरकारहरुमा विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गर्दछ । परियोजनाले संघीय स्तरमा विशेषगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड र वैदेशिक रोजगार विभाग, आप्रवासन सम्बन्धी कार्य गर्ने अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य गर्दछ । प्रदेश स्तरमा सामाजिक सुरक्षा मन्त्रालय र स्थानिय स्तरहरुमा जिल्ला समन्वय समिति, स्थानीय सरकारहरु, जिल्ला/ईलाका प्रशासन कार्यालय, स्थानीय सुरक्षा निकाय आदिसँग निकट रहेर कार्य गर्दछ । यस परियोजनाका लागि सामी/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालले **प्राविधिक सहयोगी संस्था**को रुपमा काम गर्नेछ । सामी/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाललाई परियोजना सहयोग ईकाई पनि भनिन्छ ।

सुरक्षित आप्रवासन परियोजना लागु हुने ४ वटा स्थानीय सरकारहरुले संयुक्त रुपमा एउटा स्थानीय सेवा प्रदायक संस्था छनौट गरी **सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आप्रवासी श्रोत केन्द्र सञ्चालन एवं समुदाय परिचालन कार्यक्रम**को व्यवस्थापनका लागि यो कार्य क्षेत्रगत शर्तहरु तयार पारिएको छ ।

## (ग) परामर्शदाताको कार्य क्षेत्र र निजले सम्पादन गर्नु पर्ने कामः

प्रस्तुत परामर्श सेवाको लागि परामर्शदाताले तपसिल बमोजिमको कार्यहरु सम्पादन गर्नुपर्नेछ :

### ग.१. अध्ययन सामग्रीहरुको पुनरावलोकन (Review of Literature):

परामर्शदाताले करार सम्झौता गरेपछि करारसंग सम्बन्धित सुरक्षित आप्रवासन सम्बन्धी विषयका कागजात वा सो सम्बन्धी जानकारीमुलक पुस्तक वा अध्ययन अनुसन्धान प्रतिवेदनहरु, परियोजना कार्यान्वयन निर्देशिका, कार्यविधिहरुको अध्ययन गर्नुपर्नेछ । यसै सम्बन्धमा कामसँग सम्बन्धित कार्यक्षेत्र तथा स्थानका वैदेशिक रोजगार सम्बन्धी समग्रमा देखिएका समस्या र उपलब्ध तथ्याँङ्क समेत अध्ययन तथा सुचना संकलन गर्नुपर्नेछ । प्रस्तुत अध्ययन विशेष गरी परामर्शदाताले काम शुरु गर्नु भन्दा अघि कामसँग सम्बन्धित समग्र विषयवस्तु तर सम्बन्धित विषयको जानकारी हुनुपर्ने उद्देश्यले अध्ययन गर्नु पर्नेछ ।

### ग.२. पदाधिकारीहरुसँग बैठक र छलफल (Meeting with Officials):

अध्ययन पुनरावलोकनको कार्यसँगै कामको जानकारी भएपछि परामर्शदाताले गर्नु पर्ने कामको आधारमा समेत स्थानीय तहका सम्बन्धित पदाधिकारीहरुसँग करार सम्झौताको विषयमा कामको प्रकृति, समस्या र गर्नुपर्ने कामको बारेमा जानकारी हासिल गर्नको लागि औपचारिक बैठक वा छलफलको आयोजना गर्नुपर्नेछ । सो बैठक वा छलफलमा सम्बन्धित पदाधिकारीहरुसँग भएको छलफलको विषयमा बैठकको निर्णय समेत उल्लेख गरी सो आधारमा प्राप्त राय सुझाव वा निर्देशन संकलन गर्नु पर्दछ ।

**ग.३. प्रारम्भिक प्रतिवेदन** (Inception Report):

सामग्री अध्ययन र प्रारम्भिक सुचनाको संकलन तथा करार समन्वयकर्ता वा व्यवस्थापकको साथै स्थानीय तहका सम्बन्धीत पदाधिकारीहरुसँगको बैठक र छलफल पश्चात् कुनै निर्देशन प्राप्त भएको भए सो समेतको आधारमा परामर्शदाताले समग्र कार्य क्षेत्रगत शर्तको कार्यहरु सम्पन्न गर्नु पर्ने क्रमबद्धता र समयको साथै वस्तुगत आधारमा परामर्शदाताले राखेको उद्देश्य र कार्य सम्पन्न गर्नु पर्ने विषयमा कुनै कार्य दिशा एकीन गर्नु पर्ने भएमा सो अनुसार समग्र कार्य क्षेत्रगत शर्तको बुझाई, समय तालिका र कार्यक्रमबद्धता वा कार्य सम्पन्न गर्न कुनै अन्य आवश्यक काम गर्नुपर्ने भए सो समेत उल्लेख गरी काम गर्ने पहुँच (Approach) को दृष्टिकोण प्रस्तुत गर्नु पर्नेछ । यस्तो प्रतिवेदन सम्बन्धित स्थानीय सरकारबाट परियोजनाको लागि तोकिएको सम्पर्क व्यक्ति समक्ष पेश गर्नु पर्नेछ । यस सम्बन्धमा सो प्रतिवेदन अनुसार काम गर्न निजको लिखित जानकारी प्राप्त गरी कुनै निर्देशन भए सो समेतको आधारमा करार सम्झौताको आधारमा तोकिएको समय तालिका बमोजिम उल्लिखित कामहरु शुरु गर्नु पर्नेछ ।

**ग.४. मुख्य मुख्य कार्यहरु**:

प्रस्तुत परामर्श सेवाको लागि परामर्शदाताले तपसिल बमोजिको कार्यहरु कार्य तालिका (Work Schedule) समेतको आधारमा तपसिल बमोजिमका कार्यहरु सम्पन्न गर्नुपर्नेछ :

**ग ४.१. कार्यालय स्थापना** (office setup) **का लागि फर्निचर तथा अन्य सामाग्रीहरुको व्यवस्थापनः** परामर्शदाताले करार सम्झौता गरे पछि कामको पायक पर्ने स्थान तथा स्थानीय सरकारसँग समन्वय गर्न सहज हुने स्थानमा आफ्नो कार्यालय स्थापना गर्नु पर्नेछ । कार्यालयको लागि आवश्यक पर्ने विद्युतीय मालसामान (कम्प्युटर, ल्यापटप, इन्टरनेट, टेलिफोन आदि), फर्निचर तथा अन्य आवश्यक सामाग्रीहरु आवश्यकतानुसार आफै व्यवस्थापन गरी चुस्त दुरुस्त कार्यालय व्यवस्थापन गर्नुपर्नेछ ।

**ग.४.२. कर्मचारीहरु तथा स्वयंसेवक भर्ना र तालिमः** परामर्शदाताले कार्य सम्पादन गर्ने सिलसिलामा सम्बन्धित स्थानीय तहहरुमा काम गर्नका लागि कर्मचारी तथा स्वयंसेवकहरु भर्ना गर्नुपर्नेछ । यसरी भर्नाको कार्य गर्दा तपसिल बमोजिमको कार्यहरु गर्नुपर्नेछ :

**ग.४.२.१.** सम्बन्धित स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थासँगको समन्वय र सहकार्यमा अनुच्छेद छ २.१ मा उल्लेख भए अनुसार योग्यता पुगेका र दक्ष कर्मचारीहरुको तोकिएको छनौट आधार (योग्यता, दक्षता, क्षमता तथा अनुभव) तोकी सो आधारहरु पूरा गर्ने गरी निष्पक्ष रुपमा नियुक्ति गर्नुपर्नेछ ।

**ग.४.२.२.** कर्मचारी तथा स्वयंसेवकहरुलाई संस्थाको जिम्मेवारी, समग्र परियोजनाका क्रियाकलापहरु, कार्यक्रमबद्धता, समन्वयको आधार तथा संचार व्यवस्थापन समेतको जानकारी गराई निजको आफ्नो कामको काम कर्तव्य र अधिकारको साथै नजितामुलक कार्य विवरण तथा प्रतिवेदन समेतको लागि तालिम सामग्रीहरु समेत तयार गरी सो आधारमा अल्पकालिन अभिमुखीकरण तथा तालिम गरेर मात्र परिचालन गर्नुपर्नेछ ।

**ग.४.२.३.** कर्मचारीहरुलाई स्पष्ट र नतिजामुलक कार्य विवरण तथा समय तोकी सो समय तालिका बमोजिम मापन गर्न सकिने गरी कार्य सम्पादन करार गरी काममा परिचालन गर्नुपर्नछ ।

**ग.४.३. सूचनामा पहूँच हुने गरी कार्य व्यवस्था गर्नुपर्नेः** परामर्शदाताले सुचना केन्द्रको माध्यमबाट आप्रवासन सम्बन्धी कार्यहरु गर्दा सम्बन्धित सरोकारवालाहरुलाई सुचनामा पर्याप्त पहुँच हुने गरी कार्य व्यवस्थापन गर्नुपर्नेछ । सुचनामा पहुँचको लागि सरल, स्पष्ट, पारदर्शी तथा व्यवस्थापन योग्य हुने किसिमले गर्नुपर्नेछ । सुचनाको गाम्भिर्यता, गुणस्तरीयता र समय अनुकुल तथा लक्षित सरोकारवालाहरुलाई दृष्टिगत गरी सम्प्रेषण हुने व्यवस्था गर्नुपर्नेछ । यस सम्बन्धमा परामर्शदाताले तपसिल बमोजिमका कार्यहरु समेत सम्पादन गर्नुपर्नेछ :

**जिल्ला/इलाका प्रशासन कार्यालयमा आप्रवासी श्रोत केन्द्र/आप्रवासी श्रोत उपकेन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापनः** परामर्शदाताले सम्बन्धित जिल्लाको जिल्ला/इलाका प्रशासन कार्यालयमा आप्रवासी श्रोत केन्द/आप्रवासी श्रोत उपकेन्द्रको स्थापना गर्नुपर्नेछ । आप्रवासी श्रोत केन्द्रको सञ्चालनका लागि जिल्ला/इलाका प्रशासन कार्यालयको हाता भित्र स्थान उपलब्ध गराउन जिल्ला/इलाका प्रशासन कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

सो केन्द्र तथा उपकेन्द्रको संचालन बिना कुनै अवरोध र निरन्तर हुने गरी समय, कर्मचारी र कार्य व्यवस्थापन गर्नुपर्दछ । यस्तो केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन परामर्शदाताले प्रभावकारी र मितव्ययिता समेतलाई ध्यानमा राखी व्यवस्थापन कार्य कुशलता हुने गरी गर्नुपर्नेछ । श्रोत केन्द्रका परामर्शदाताहरुको लागि उपलब्ध सहयोगी पुस्तिका अनुसार परामर्श प्रदान गनु पर्नेछ । सेवाग्राहीहरुको विवरण परियोजना सहयोग इकाईले उपलब्ध गराएको ढाँचा अनुसार अभिलेख गर्ने तथा अनलाइन विवरण भर्नु पर्नेछ, प्राप्त वैदेशिक रोजगार सम्बन्धी उजुरी तथा समस्याहरुलाई समाधानका लागि सम्बन्धित प्राविधिक सेवा उपलब्ध गराउने संस्था तथा सरकारी संयन्त्रमा सिफारिस गर्नु पर्नेछ । सीप तालिमको लागि सिफारिस गर्नु पर्नेछ । तोकिएको मिति तथा स्थानमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**ग.४.३.१ जानकारीमूलक सूचना** (Visiting card) **छपाई तथा वितरण गर्नेः** आप्रवासन सम्बन्धी सुचना व्यवस्थापन गर्ने सम्बन्धमा जानकारीमुलक सुचना (Visiting Card) छपाई पनि गर्नुपर्नेछ । यस्तो भिजिटिंग कार्डको नमुना परियोजना सहयोग इकाईले उपलब्ध गराए अनुसार छपाई गर्नुपर्नेछ । यसको वितरण व्यवस्था सरोकारवाला वर्गसम्म पहुँच योग्य हुने किसिमले गर्नुपर्नेछ । वितरण व्यवस्था प्रभावकारी बनाउन सोको वितरण स्थान वा वर्गको पूर्व निर्धारण गर्नुपर्नेछ ।

**ग.४.३.२. आप्रवासी श्रोत केन्द्रमा व्यक्तिगत तथा समूह परामर्श प्रदानः** परामर्शदाताले संचालन र व्यवस्थापन गरेको केन्द्र तथा उपकेन्द्रमा सरोकारवाला वर्गको पहुँचको समयमा आवश्यकतानुसार व्यक्तिगत तथा सामुहिक परामर्श हुने व्यवस्था गर्नुपर्नेछ । आप्रवासी श्रोत केन्द्रका परामर्शदाताहरुको लागि उपलब्ध सहयोगी पुस्तिका अनुसार व्यक्तिगत तथा समूह परामर्श प्रदान गर्नुपर्नेछ । यस्तो परामर्श सरोकारवाला वर्गको प्रकार तथा प्रकृति, समस्याको गहनता, आवश्यकता समेतलाई ध्यानमा राखी व्यक्तिगत गोप्यता समेतको कुरालाई ध्यानमा राखी संचालन गर्नुपर्नेछ । परामर्श हुने समय तथा स्थानको व्यवस्था गरी सो समयमा परामर्श दिने कर्मचारी वा विशेषज्ञको उपलब्धता हुने व्यवस्था गर्नुपर्नेछ । परामर्श प्रदान गरेको व्यक्ति वा संस्थाको नाम ठेगाना तथा परामर्शको प्रकार र परामर्श उपलब्ध गराएको मिति समेतको अभिलेख गरी आवश्यकतानुसार स्थानीय सरकार वा सरोकारवाला वर्गहरुलाई करार सम्झौतामा तोकिए अनुसारको आधिकारीक व्यक्ति समक्ष उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

**ग.४.३.३. अनुशरण गर्ने** (Follow up) **गर्नुपर्ने :** परामर्शदाताले सूचना/परामर्श प्रदान गरेपछि सम्भावित आप्रवासी भनी पहिचान भएका व्यक्तिहरुलाई फोन मार्फत अनुशरण गर्नुपर्नेछ । यसरी अनुशरण गर्दा प्रत्येक सम्भावित आप्रवासीहरुको संख्या मध्ये कम्तीमा १० प्रतिशतको अनुशरण गर्नुपर्नेछ । यसरी अनुशरण गरिएको

व्यक्तिहरुको अभिलेख पनि खडा गरी प्रतिवेदन समेत तयार गर्नुपर्नेछ । यसको लागि फारम तथा ढाँचा परियोजना सहयोग इकाईले उपलब्ध गराउनेछ । सो विवरणहरु परियोजनाले विकास गरेको अनलाइन प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ ।

**ग.४.३.४. स्वयंसेवकहरुको छनौट, अभिमुखीकरण र परिचालन :** परामर्शदाताले सम्बन्धित जिल्ला वा स्थान विशेषमा वैदेशिक रोजगारीबाट फर्केर आएका स्वयंसेवक (Returnee Volunteer) छनौट गरी अभिलेख राख्नु पर्नेछ । निजहरुलाई आप्रवासन सम्बन्धी काममा लगाउनु अघि आप्रवासन सम्बन्धी कार्यहरु तोकी सो आधारमा काम कर्तव्य र अधिकारको समेत अभिमुखिकरण गरी निजहरुलाई कार्यक्रमको उपयुक्त कार्यक्षेत्रमा परिचालन गर्नुपर्नेछ । परिचालन भएको आधारमा निजहरुको कार्यक्षेत्र अनुसारको अभिलेख किताब राख्ने व्यवस्था समेत गर्नुपर्नेछ । स्वयंसेवक छनौट र परिचालन सम्बन्धी कार्यविधि परियोजना सहयोग इकाइले उपलब्ध गराउनेछ ।

**ग.४.३.५. सुरक्षित वैदेशिक रोजगार सम्बन्धी समुदायमा गहन अभिमुखिकरणः** आफ्नो कार्यक्षेत्र भित्रका वैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी समुदायमा गहन अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्नेछ । यसको लागि परियोजना सहयोग इकाइले सुरक्षित वैदेशिक रोजगार सम्बन्धी विषयका अभिमुखीकरण सम्बन्धी पाठ्यक्रम सामग्री उपलब्ध गराउनेछ । यस्तो सेसनको संक्षिप्त मासिक प्रतिवेदन समेत तयार गर्नुपर्नेछ ।

**ग.४.३.६. समुदाय स्तरमा सुरक्षित रोजगार सम्बन्धी अभिमुखिकरणः** आफ्नो कार्यक्षेत्रमा सबै समुदाय समेटने र प्रतिनिधित्व हुने गरी समुदाय स्तरमा विभिन्न समूहहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण गर्नुपर्नेछ । यस्तो अभिमुखीकरण गर्दा सो सम्बन्धी पाठ्य सामग्री परियोजना सहयोग इकाइले उपलब्ध गराउने छ । यस्तो कार्यक्रम सम्बन्धित वडा कार्यालय वा सामुदायिक स्तरका भवन वा अन्य उपयुक्त स्थानमा संचालन गर्नुपर्नेछ । यस्तो अभिमुखीकरणको हाजिर अभिलेख र संक्षिप्त प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**ग.४.३.७. स्थानीय संचार माध्यमबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सुचना प्रशारण गर्नुपर्नेः** सुरक्षित वैदेशिक रोजगारीका विभिन्न सवालहरुमा मुख्य मुख्य विषयहरु समेटी आवश्यकतानुसार स्थानीय एफ.एम. रेडियो मार्फत जिंगल प्रशारण गर्न स्थानीय क्षेत्रमा बढी कभरेज भएको एफ. एम. रेडियो छनौट गर्नुपर्नेछ । वैदेशिक रोजगारी सम्बन्धी छोटो सुचनाहरु परियोजना सहयोग इकाइले राष्ट्रिय सञ्चार साझेदार संस्था मार्फत उपलब्ध गराउनेछ । यस्तो सुचना स्थानीय दुईवटा एफ.एम रेडियोहरुबाट तोकिएको समय र अवधिको लागि प्रशारण गर्नुपर्नेछ । प्रशारित सामग्रीहरुको ब्रोड्कास्टीङ प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । साथै जिगंल वा प्रशारण सामग्री सुरक्षित साथ राख्नुपर्नेछ र सोको प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**ग.४.३.८. पत्रकारहरुसँग सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अन्तरक्रिया कार्यक्रमः** परामर्शदाताले सम्वन्धित स्थानीयतह र परियोजना सहयोग इकाईका प्रतिनिधि समेतको समन्वयमा सम्बन्धीतक्षेत्रका संचारकर्मी तथा पत्रकारहरुसँग सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्नेछ । यस्तो अन्तरक्रिया कार्यक्रम र प्रशारण भएको अखवार तथा टेलिभिजनको समय समेत उल्लेख गरी सोको पनि अभिलेख राखी प्रतिवेदनको अंशको रुपमा पेश गर्नुपर्नेछ ।

**ग.४.३.९. सुरक्षा निकायहरुसँग सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी अन्तरक्रिया कार्यक्रमः** परामर्शदाताले सम्वन्धित स्थानीय तहका सम्पर्क ब्यक्ति तथा परियोजना सहयोग इकाईका प्रतिनिधि समेतको समन्वयमा सम्बन्धीत क्षेत्रका उपलब्ध वा कार्यरत सुरक्षा निकायहरु (नेपालप्रहरी) सुरक्षाकर्मीहरुसंग सुरक्षित बैदेशिक रोजगारी संम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्नेछ । यस्तो अन्तरक्रिया कार्यक्रमको अभिलेख राखी प्रतिवेदनको अंशको रुपमा पेश गर्नुपर्नेछ ।

**ग.४.३.१०. अन्तराष्ट्रिय आप्रवासन दिवस मनाउनः** परामर्शदाताले १८ डिसेम्बरमा अन्तरराष्ट्रिय आप्रवासन दिवस मनाउने कार्यक्रम राख्नु पर्नेछ । यस कार्यक्रम संचालनका लागि परियोजना सहयोग इकाइ तथा स्थानीय

तहसँग समन्वय गरी जिल्ला तथा स्थानीय क्षेत्रको आवश्यकता अनुसार कार्यक्रमहरु संचालन गर्नुपर्नेछ । यसको लागि स्थानीय स्तरमा राजनीतिक पार्टी, संचारकर्मी, अधिकारकर्मी लगायत जनमानसको लागि आवश्यकतानुसार कार्यक्रम संचालन गरी सो दिवसको महत्व र आवश्यकता झल्कने गरी मनाउने व्यवस्था गर्नुपर्नेछ । स्थानीय सरकारी कार्यालयको सहभागिताको लागि समेत पहल गर्नुपर्नेछ । सो कार्यक्रमको समेत प्रचार प्रसार स्थानीय पत्रपत्रिका तथा अन्य संचारका माध्यममा प्रकाशन हुने व्यवस्था गर्नुपर्नेछ ।

ग.४.४. **मनोसामाजिक परामर्श कार्यक्रमः** मनोसामाजिक परामर्शकर्ताले निम्न बमोजिमका सेवा प्रवाह गर्नेछन :

- व्यक्तिगत मनोसामाजिक परामर्श सेवा
- समूहगत मनोसामाजिक परामर्श सेवा
- विशेष सेवाका लागि सिफारिस (जस्तै : मानसिक तथा शारिरीक समस्या भएका सेवाग्राहीहरुलाई मानसिक उपचार प्रदान गर्ने अस्पतालमा रिफर गर्ने, कानुनी तथा अन्य समस्या देखिएमा आप्रवासी श्रोत केन्द्रमा रिफर गर्ने)

यस सम्बन्धमा तपसिल बमोजिमको कार्यहरु गर्नुपर्नेछ :

ग.४.४.१. **वैदेशिक रोजगारीका कारणले तनावमा रहेका परिवारका सदस्यहरुको पहिचानः** परामर्शदाताले आफ्नो कार्यक्षेत्र भित्र वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यहरु जसलाई मनोसामाजिक परामर्शको आवश्यकता भएका व्यक्तिहरुको पहिचान गर्नु पर्नेछ । यस सम्बन्धी प्रक्रियामा राष्ट्रिय प्राविधिक संस्थाले मनोसामाजिक परामर्शकर्तालाई प्रशिक्षित गर्नेछ ।

ग.४.४.२. **परिवारका सदस्यहरुलाई व्यक्तिगत मनोसामाजिक परामर्श** : वैदेशिक रोजगारीका कारणले तनावमा रहेका परिवारका सदस्यहरुको पहिचान गरी निजहरुलाई व्यक्तिगत मनोसामाजिक परामर्श दिने कार्य सो सम्बन्धी परामर्शदाताबाट दिने व्यवस्था गर्नुपर्दछ । सोको लागि निजहरुको समस्या पहिचान गरी सो आधारमा परामर्शको विषयवस्तु तयार गरी परामर्श सेवा संचालन गर्नु पर्नेछ । परामर्श सेवा प्रदान गरिएको परिवारका सदस्यहरुको समस्या र परामर्शको विषयवस्तुको अभिलेख हुने व्यवस्था गर्नुपर्दछ ।

ग.४.४.३. **समूहगत मनोसामाजिक परामर्श सेवाः** वित्तीय साक्षरता कक्षाका सहभागिहरु र समुहगत मनोपरामर्श सेवा प्राप्त गर्ने सहभागिहरु एउटै हुनेछन् । वित्तीय साक्षरता कक्षाहरुको सान्दर्भिकतासँगै मनोसामाजिक परामर्शका विषयहरुलाई पनि समावेश गरी पाठ्यक्रम तयार गरिएको छ । वित्तीय साक्षरता सहजकर्ता र मनोसामाजिक परामर्शकर्ताको समन्वय तथा सहयोगमा प्रत्येक समुहमा ५ वटा कक्षाहरु मनोसामाजिक परामर्शकर्ताले प्रदान गर्नुपर्ने छ । यस सम्बन्धी प्रक्रियामा राष्ट्रिय प्राविधिक संस्थाले मनोसामाजिक परामर्शकर्तालाई प्रशिक्षित गर्नेछ ।

ग.४.५. **वित्तीय साक्षरता कार्यक्रमः** सुरक्षित आप्रवासन सम्बन्धी यस कार्यक्रममा वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घरपरिवारका विशेष गरी महिलाहरुको लागि लक्षित गरी वित्तीय साक्षरता सहजकर्ता मार्फत परामर्शदाताले वित्तीय साक्षरता कार्यक्रम संचालन गर्नुपर्नेछ । यस्तो कार्यक्रमको लागि तपसिलका कार्यक्रमहरु संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ :

ग.४.५.१. **विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यहरुको पहिचान तथा भेलाः** परामर्शदाताले आफ्नो कार्यक्षेत्र भित्रका विप्रेषण प्राप्त गर्ने परिवार पहिचान गरी सो परिवारका विशेष गरी महिला सदस्यहरुको पहिचान गर्नुपर्नेछ । वित्तीय साक्षरता सहजकर्ताहरुलाई परिचालन गरी स्थानीय सरकार वडा वा इलाका स्तरमा समेत घरधुरी पहिचान गरी सो आधारमा अभिलेख तयार गर्नुपर्नेछ । यस्तो पहिचानका लागि आवश्यक फारमको नमूना परियोजना सहयोग इकाईले उपलब्ध गराउनेछ । यस सम्बन्धी प्रक्रियामा राष्ट्रिय प्राविधिक संस्थाले वित्तीय साक्षरता सहजकर्ताहरुलाई प्रशिक्षित गर्नेछ ।

**ग.४.५.२. विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यहरुको समूह गठनः** महिला सदस्यहरु पहिचान गरे पछि परियोजना कार्यान्वयन निर्देशिका र राष्ट्रिय प्राविधिक संस्थाले उपलब्ध गराएको निर्देशिका अनुसार समुह गठन हुनेछ ।

**ग.४.५.३. विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यका लागि मनोसामाजिक परामर्श सहितको वित्तिय साक्षरता कक्षा सञ्चालनः** वित्तीय साक्षरता सम्बन्धी राष्ट्रिय प्राविधिक संस्थाले उपलब्ध गराएको पाठ्यक्रम तथा प्रशिक्षण अनुसार प्रत्येक वित्तीय साक्षरता सहजकर्ताले कक्षा सञ्चालन गर्नेछन् । औपचारिक वित्तीय संस्थामा पहुँच नपुगेका सदस्यहरुलाई स्थानीय स्तरमा संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरु साथै सहकारी संस्थाहरुमा पहुँच अभिवृद्धि गर्ने, बचत बृद्धि गर्ने, आय आर्जन बढाउने तथा वित्तीय हरहिसाबहरुलाई अभिलेखिकरण गर्न प्रोत्साहन र समन्वय गर्नुपर्नेछ । नियमित कक्षा सञ्चालनका अतिरिक्त तोकिएको प्रतिशत र आवश्यकताको आधारमा वित्तीय साक्षरता सहजकर्ताले घर भेटघाट गर्नेछ । यस्तो कक्षा संचालनको विषय, संख्या र संलग्न संस्थाहरु र प्राप्त ज्ञान, सीप र व्यवहारिक परिवर्तनहरुलाई समेटी अभिलेख राख्नु पर्नेछ ।

**ग.४.६. आप्रवासी हकहित संरक्षण सञ्जाल गठन तथा विस्तारः** परामर्शदाताले रोजगारीका लागि विदेश गई फर्केका आप्रवासीहरु (रिटर्नी माईग्रेन्टहरु) को संजाल गठन र विस्तारको लागि तपसिल बमोजिमको कार्यहरु गर्नुपर्नेछ :

**ग.४.६.१. सञ्जाल गठनः** स्थानीय स्तरमा परामर्शदाताको कार्यक्षेत्रमा विदेश गई फर्केका आप्रवासीहरु (रिटर्नी माईग्रेन्टहरु) को पहिचान गरी स्थानीय तहमा एक संजालको गठन गर्नुपर्नेछ । त्यसरी गठन गर्दा स्थानीय तहमा दर्ता हुने भए दर्ता समेत गर्ने व्यवस्था गर्नुपर्नेछ । परामर्शदाताले यस्तो संजाल गठन गर्न आवश्यक पर्ने सम्पूर्ण प्रक्रियात्मक व्यवस्था लगायत बैठक तथा छलफलको व्यवस्था मिलाई औपचारिक रुपमा संजालको स्थापना गर्नुपर्नेछ ।

**ग.४.६.२. सञ्जालको क्षमता विकासः** स्थापना भएको सञ्जालको क्षमता विकासको कार्य पनि संचालन गर्नुपर्नेछ । यस्ता आप्रवासीहरुको विदेशमा रहँदा प्राप्त गरेका कार्य अनुभव र सीपको पहिचान गरी सीपको सूची (Skills Inventory) तयार गर्नुपर्नेछ । सो सीपको स्थानीय स्तरमा उपयोग क्षमता हुन सक्ने अवस्था र अवसरको पहिचान गरी सो आधारमा सो सीपको उन्नत प्रशिक्षण गर्नुपर्ने अवस्था भएमा स्थानीय प्रशिक्षण संस्थाहरुसंग आबद्धता हुने र प्रशिक्षण गर्नको लागि पहल गर्ने कार्य परामर्शदाताले गरी सो संजालको क्षमता विकासमा प्रत्यक्ष र परोक्ष सहयोग गर्नुपर्नेछ ।

**ग.४.६.३. सञ्जाल परिचालनः** परामर्शदाताले फर्केका आप्रवासीहरुको सञ्जाललाई परिचालन गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ । वैदेशिक रोजगारसँग सम्बन्धित विषयहरुमा सचेतना फैलाउने, वैदेशिक रोजगारीमा रहेका व्यक्ति तथा घर परिवारको हक हितका लागि संगठित हुने, सम्बन्धित निकायसँग बहस पैरवी गरी नीतिगत व्यवस्था स्थापना गर्ने । संगठनमा सदस्यहरुको विस्तार गरी आपसी सहयोग र समन्वयलाई अभिवृद्धि गर्ने । वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, प्रविधि र अनुभवहरुलाई उत्पादनशिल कार्यमा उपयोग गर्ने । कानुनी समस्या तथा जटिलताहरुको निराकरणका लागि सम्वन्धित निकायहरुसँगको सहकार्य गर्ने जस्ता विषयहरुमा सञ्जाल परिचालन हुनेछ । यस प्रक्रियामा सकारात्मक परिवर्तनका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गरिनेछ । साथै आप्रवासीहरुको सञ्जालको कम्तीमा मासिक रुपमा बैठक बसाउने व्यवस्था गरी निजहरुलाई सञ्जालको उपयोग र कामहरुको समिक्षा तथा नीति र कार्यक्रम तय गर्ने थलोको रुपमा विकास गराउने व्यवस्था गर्नु पर्दछ । यस्तो संजाललाई संगठित रुपमा व्यवसाय संचालन गर्न सकिने अवसर पहिचान गरी करार खेती, सहकारी संस्था वा अन्य उत्पादन मुलक व्यवसायका अवसरहरु पहिचान गर्ने तथा सो को लागि आवश्यक प्रशिक्षण वा व्यवसायिक विकासको कार्यमा प्राविधिक र व्यवसाय जन्य कानूनी प्रावधानको समेतको आधारमा उत्पादक व्यवसायतर्फ परिचालन हुने व्यवस्था गर्नु पर्दछ ।

**ग.४.७. समन्वय तथा अनुगमनः** परामर्शदाताले स्थानीय कार्यक्षेत्रमा आप्रवासी सम्बन्धीकार्य तथा कार्यक्रम संचालन गर्दा आयोजनाको उद्देश्य हासिल हुने गरी पर्याप्त समन्वय तथा अनुगमनको व्यवस्था गर्नुपर्नेछ । यस सम्बन्धमा निजले निम्न कार्यहरु सम्पादन गर्नुपर्ने छ :

**ग.४.७.१. स्थानीय तह परियोजना व्यवस्थापन समिति, जिल्ला परियोजना समन्वय तथा अनुगमन समिति बैठकः** परामर्शदाताले स्थानीयतहमा परियोजना व्यवस्थापन समिति र जिल्ला परियोजना समन्वय तथा अनुगमन समितिको बैठक आवश्यकतानुसार बस्ने व्यवस्था मिलाई संचालित कार्य तथा कार्यक्रमहरुको प्रगति समिक्षा गरी सो सम्बन्धमा देखा परेका समस्या र असल पक्षहरुको छलफल गरी ती निकायहरुसंग कुनै निकास वा सहमति गर्नुपर्ने भए बैठक वा छलफलको माध्यमबाट निष्कर्ष निकाली समन्वयको कार्य गर्नुपर्ने छ । यस्तो बैठक आवश्यकतानुसार मासिक वा अन्य उपयुक्त अवधिमा राख्ने व्यवस्था ती निकायहरुसंग छलफल गरी व्यवस्थित गर्नुपर्ने छ । यस्तो बैठकको निर्णयको अभिलेख राखी सम्बन्धित निकायहरुलाई समेत जानकारी हुने व्यवस्था गर्नुपर्नेछ ।

**ग.४.७.२. आप्रवासी श्रोत केन्द्र समन्वय वैठक :** परामर्शदाताले स्थानीय तहको सरकारमा रहेको आप्रवासी श्रोत केन्द्रको नियमित बैठक बस्ने व्यवस्था गरी समन्वयको कार्य प्रभावकारी बनाउनु पर्नेछ । सो केन्द्रले परियोजना समन्वय वा अनुगमन समितिबाट समन्वय गर्नुपर्ने कार्यहरु भए निर्णय गरी सो अनुसार समन्वयको पहल गरी परिणाममुखी कार्य सम्पादन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

**ग.४.८. अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्थाः** परियोजनाको प्रभावकारी अनुगमन सम्बन्धमा सेवा प्रदायक संस्थाले प्रस्तावमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । त्यसका अतिरिक्त प्राविधिक सहयोगी संस्थाको स्थानिय र प्रादेशिक कार्यालय, परियोजना सहयोग इकाइ, स्थानीय सरकारहरु, सम्बन्धित सरकारी निकाय र मन्त्रालयबाट परियोजनाका गतिविधिबारे सुक्ष्म अनुगमन गरिनेछ ।

संस्थाले कार्यक्रमको प्रगति र आर्थिक प्रतिवेदन नेपाल सरकारको नियमानुसार तथा सम्झौतामा तोकिए अनुसार मासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक प्रगति प्रतिवेदन नियमित रुपमा स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थालाई बुझाउनु पर्नेछ । यसको साथै स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थाले परियोजनासँग सम्वन्धित कुनै पनि तथ्यांक तथा जानकारीहरु माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

**ग.४.९. परामर्शदाताले संचालन र व्यवस्थापन गर्नुपर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरुः** परियोजनाको अपेक्षित प्रतिफल हासिल गर्नको लागि परामर्शदाता (स्थानीय सेवाप्रदायक संस्था) ले तल दिइएका कार्यहरु सम्पन्न गर्नेछ । अन्य कार्यहरु सम्बन्धित खण्डमा उल्लेख भए अनुसार सम्पन्न गर्दा परामर्शदाताले तपसिल बमोजिमको तालिकामा उल्लेख भए अनुसार वार्षिक लक्ष्य बमोजिम कार्य सम्पादन हुने गरी कार्य तथा प्रमुख क्रियाकलापहरुको संचालन र व्यवस्थापन गर्नुपर्ने छ :

| क्र.स. | क्रियाकलापहरु | वार्षिक लक्ष्य | भद्रपुर नगरपालिका | गौरीगञ्ज गाउँपालिका | मेचीनगर नगरपालिका | दमक नगरपालिका |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालयको हाता भित्र आप्रवासी श्रोत केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन | १ | | | | |
| १.१ | इलाका प्रशासन कार्यालयको हाता भित्र आप्रवासी श्रोत उपकेन्द्र संचालन गर्ने (ईलाका | १ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रशासन कार्यालयबाट पासपोर्ट सिफारिस हुने भएमा) | | | | | |
| २ | आप्रवासी श्रोत केन्द्रमा व्यक्तिगत तथा समूह परामर्श प्रदान | ३,००० जना<br>(कम्तीमा १५ प्रतिशत महिला) | | | | |
| ३ | वैदेशिक रोजगारीका सन्दर्भमा ठगी वा समस्यामा परेका व्यक्तिहरुलाई कानुनी तथा अन्य सम्बन्धित सहयोग गर्ने र आवश्यक समन्वय गर्ने | आवश्यकताअनुसार | | | | |
| ४ | बैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासीहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी समुदायमा गहन अभिमुखिकरण कार्यक्रम प्रति कार्यक्रम १५ देखी २० जना | ५ वटा<br>( ) | | | | |
| ५ | समुदाय अभिमुखिकरण २५ जनालाई | १० समुहलाई २ पटक | | | | |
| ६ | जिल्लाका प्रहरीहरुलाई अभिमुखिकरण ४० जना | १ पटक | | | | |
| ७ | जानकारी मूलक सूचनाहरु (श्रोत केन्द्र Visiting card, receipt, leaflet) छपाई गरी श्रोत केन्द्र, समुदाय तहको कार्यक्रम र जिल्ला/ईलाका प्रशासन कार्यालयबाट सेवाग्राहीहरुलाई वितरण गर्ने | नियमित | | | | |
| ८ | वैदेशिक रोजगारीबाट फर्केर आएका स्वयंसेवक (Returnee volunteer) छनौट र परिचालन एक स्थानीय तहमा ३ जना | १२ जना | | | | |
| ९ | विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यका लागि मनोसामाजिक परामर्श | १६ समूहहरु | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहितको वित्तिय साक्षरता कक्षा सञ्चालन<br><br>एउटा स्थानीय तहमा ४ समुह (२० देखी २५ जना प्रति समुह) | | | | | |
| १० | वैदेशिक रोजगारीका कारणले तनावमा रहेका परिवारका सदस्यहरुलाई ब्यक्तिगत मनोसामाजिक परामर्श<br><br>एउटा स्थानीय तहमा १६ देखि २० जना | ६४ देखि ८० जना | | | | |
| ११ | समुदाय स्तरमा विभिन्न समूहहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण | ४० वटा समूह<br><br>(एक समूहमा दुई पटक) | | | | |
| १२ | सुरक्षित वैदेशिक रोजगारीका विभिन्न सवालहरुमा सार्वजनिक महत्वका छोटो सुचनाहरु स्थानीय एफएम रेडियो (दुई एफएम रेडियाहरु) बाट प्रशारण | नियमीत | | | | |
| १३ | पत्रकारहरुसँग सुरक्षित बैदेशिक रोजगारी संवन्धी १ दिने अन्तरक्रिया कार्यक्रम (३० जना) | १ पटक | | | | |
| १४ | स्थानीय सरकारहरु तथा निर्वाचित प्रतिनिधिहरुसंग वडा सदस्य सहित सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अन्तरक्रिया कार्यक्रम (३० जना) | २ पटक | | | | |
| १५ | निर्वाचित जन प्रतिनिधिहरुसँग वैदेशिक रोजगारीका विषयमा आधारित (issue based) छलफल २५ जना | १ पटक | | | | |
| १६ | रोजगार सेवा केन्द्रका संयोजकहरु सहितलाई अभिमुखिकरण २५ जना | १ पटक | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | अभियानकर्ताहरुको पहिचान तथा परिचालन | ४ जना अभियान कर्ताहरु | | | | |
| १८ | सम्भावित आप्रवासी कामदारहरु लाई सीप विकास तालिम लिन प्रोत्साहित गर्ने तथा सीप तालिम प्रदायक संस्थामा रिफर गर्ने | नियमित | | | | |
| १९ | सूचना/परामर्श प्रदान गरे पछि सम्भावित आप्रवासी व्यक्तिहरुलाई फोन मार्फत फलोअप (कम्तीमा १० प्रतिशत) तथा आवश्यक जानकारी प्रदान गर्ने | नियमित | | | | |
| २० | परियोजनाका सेवाग्राहीहरुको विवरण अनलाईन सुचना प्रणालिमा राख्ने | नियमित | | | | |
| २१ | स्थानीय तह परियोजना व्यवस्थापन समिति बैठक १५ जना, | ४ पटक | | | | |
| २२ | जिल्ला परियोजना समन्वय तथा अनुगमन समिति बैठक १० जना | २ पटक | | | | |

माथि उल्लेख गरिएका बाहेक परियोजनाको उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउने अन्य केही क्रियाकलापहरु भएमा परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ । त्यस्ता क्रियाकलापहरु उपर्युक्त भएमा स्थानीय तह परियोजना व्यवस्थापन समितिले निर्णय गर्न सक्नेछ ।

**ग.४.१०. परामर्शदाताको भूमिका तथा उत्तरदायित्व तथा परियोजना व्यवस्थापन सम्बन्धी व्यवस्थाः** परामर्शदाता स्थानीय सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय सरकारहरुले तोकेको परियोजना समन्वय अधिकारी (सम्पर्क व्यक्ति) र परियोजना सहयोग इकाईले तोकेको कर्मचारीसँगको निकटतम समन्वय तथा सहयोगमा परियोजनाको व्यवस्थापनका लागि निम्न बमोजिमको भूमिका तथा उत्तरदायित्व निर्वाह गर्नुपर्ने छ :

**ग.४.१०.१.** अनुच्छेद छ (२) मा उल्लेख भए अनुसारको सांगठनिक ढाँचा र कार्यालय स्थापना गर्ने ।

**ग.४.१०.२.** नेपाल सरकारको प्रक्रिया अनुसार परियोजना सहयोग इकाईसँगको निकटतम् समन्वयमा बार्षिक, अर्ध वार्षिक तथा चौमासिक कार्यक्रम तथा बजेट निर्माण गर्ने तथा स्थानीय तह परियोजना व्यवस्थापन समितिबाट स्विकृत गराउने ।

**ग.४.१०.३.** स्थानीय तह परियोजना व्यवस्थापन समितिबाट स्विकृत चौमासिक योजना अनुसार परियोजनाका गतिविधि कार्यान्वयन गर्ने ।

**ग.४.१०.४.** परियोजनाका गतिविधिहरुको नियमित निरीक्षण तथा अनुगमन गरी सम्बन्धित स्थानीय सरकारहरु र प्राविधिक सहयोगी संस्थाहरुलाई जानकारी गराउने ।

**ग.४.१०.५.**सञ्चालन हुन लागेका क्रियाकलापको पूर्व जानकारी सम्बन्धित स्थानीय सरकारहरुले तोकेको परियोजना समन्वय अधिकारी (सम्पर्क व्यक्ति) र परियोजना सहयोग इकाईले तोकेको कर्मचारीलाई दिने र आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गराउने ।

**ग.४.१०.६.** स्वीकृत कार्ययोजना अनुसार मासिक, चौमासिक, अर्ध बार्षिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय सरकारमा पेश गर्ने । सो प्रतिवेदनको एक प्रति परियोजना सहयोग इकाईलाई दिने ।

**ग.४.१०.७.** नेपाल सरकारको प्रचलित नियममा रही संस्थाको नियम र विधान अनुसार लेखापरिक्षण गराई लेखापरिक्षण प्रतिवेदन सम्वन्धित निकायलाई उपलब्ध गराउने ।

**ग.४.१०.८.** स्थानीय सेवाप्रदायक संस्थाले संघीय, प्रदेश तथा स्थानीय सरकारको सम्बन्धित ऐन, नियम तथा कानुनको पूर्ण पालना गर्नुका साथै तिर्नु बुझाउनु पर्ने भ्याट तथा अन्य कर तथा शुल्कहरु नियमानुसार बुझाउनु पर्नेछ ।

**ग.४.१०.९.** परामर्शदाता (सेवाप्रदायक संस्था) ले श्रम ऐन २०७४ को पालना गर्नु पर्नेछ ।

ग.४.११. **कार्य सम्पादन गर्ने तरिका र उपागम** (Approach and Methodology): **परामर्शदाताले यस कार्य सम्पादन गर्नको लागि तपसिल बमाजिमको कार्य प्रकिया तथा तरिका अपनाउनु पर्नेछः**

**ग.४.११.१.** परामर्शदाताले सुरक्षित आप्रवासन सम्बन्धी प्रचलित ऐन, नियमावली तथा सम्बन्धित प्रतिवेदन र प्राज्ञिक सामग्रीहरुको अध्ययन तथा अनुसन्धान गरी कानुनमा उल्लेखित मार्गदर्शन प्रक्रिया तथा उद्देश्य बमोजिम कार्य सम्पादन गर्ने गरी कियाकलापहरु यकिन र संचालन हुने व्यवस्था गर्नु पर्नेछ । सो बमोजिम परामर्शदाताले यस आयोजनाको लागि कार्यहरुको उपलब्धीहरुलाई समेत ध्यानमा राखी कार्य सम्पादन व्यवस्थापन गर्नु पर्नेछ ।

**ग.४.११.२.** सुरक्षित आप्रवासन सम्बन्धी निकायहरु जस्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सुरक्षित आप्रवासन परियोजना तथा स्थानीय तहहरुसँग निकटतम सम्बन्ध र समन्वय स्थापना गरी अपेक्षित उपलब्धीहरु हासिल गर्ने प्रयास गर्नुपर्नेछ ।

**ग.४.११.३.** स्थानीय आप्रवासनसंग सम्बन्धित निकायहरुसँग सम्पर्क तथा समन्वय राखी सुरक्षित आप्रवासन सम्बन्धी समस्याहरु तथा समाधानको उपायहरु समेत पहिचान गरी अध्यावधिक सूचना तथा आंकडा र तथ्यांकहरु अध्यावधिक गरी राख्नु पर्नेछ ।

**ग.४.११.४.** नेपाल सरकार अर्थ मन्त्रालय मार्फत स्थानीय सरकारहरुमा वित्तिय हस्तान्तरण स्वरुप सशर्त अनुदानको रुपमा बजेट प्रवाह हुने र कार्यक्रमको व्यवस्थापनको लागि स्थानीय तहहरु मिलेर संयुक्त रुपमा एउटा स्थानीय तह व्यवस्थापन समिति गठन भएकोछ । सोही व्यवस्थापन समितिको निर्णय अनुसार सम्बन्धित स्थानीय तहहरुले अलग अलग रुपमा स्थानीय सेवा प्रदायक संस्थासँग सम्झौता गर्ने सहमति भएको र

सम्बन्धित स्थानीय तह मातहत रहेको बजेट तथा कार्यक्रमको दायित्व सम्बन्धित स्थानिय तहले वहन गर्ने हुँदा परामर्शदाताले सो प्रक्रिया अवलम्बन गरी खर्च व्यवस्थापनको कार्य सम्पादन गर्नु पर्नेछ ।

**ग.४.११.५.** परामर्शदाताले कार्य सम्पादन गर्दा मानव अधिकार तथा मानवोचित मर्यादा कायम हुने गरी आचरण तथा व्यवहार गर्नुपर्नेछ ।

**(घ) कामसँग सम्बन्धित अध्ययन तथा आधारभूत तथ्यांक उपलब्धभए सोको विवरणः**

परामर्शदाताले आप्रवासन सम्बन्धी सुचना तथा जानकारी आप्रवासन सम्बन्धी परियोजना सहयोग इकाइबाट प्राप्त गरी कार्य सम्पादन गर्नुपर्नेछ । स्थानीय स्तरमा उपलब्ध यस सम्बन्धी कुनै सुचनाहरु स्थानीय सरकारको सम्बन्धित शाखा वा ईकाईहरुबाट प्राप्त हुन सक्नेछ ।

**(ङ) परामर्शदाताले सार्वजनिक निकायलाई कुनै ज्ञान वा सीप हस्तान्तरण गर्नु पर्ने भए सो सम्बन्धी विवरणः**

परामर्शदाताले सरोकारवालालाई बाहेक करार सम्झौता कार्यान्वयन गर्दा देखिएका प्राविधिक पक्षहरुको सम्बन्धमा स्थानीय सरकारको सम्बन्धित शाखा, महाशाखा वा ईकाई तथा समितिलाई विस्तृत विवरण तयार गरी खडा गरिएको अभिलेख प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन समेतको बारेमा जानकारी गराई ज्ञान व्यवस्थापन सम्बन्धी जानकारी सहित हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(च) तालिम प्रदान गर्नु पर्ने भए तालिम दिनु पर्ने कर्मचारीको संख्याः**

परामर्शदाताले ग.४.९.को तालिकामा उल्लेख गरिएका विषय तथा सरोकारवालाहरुको संख्यालाई सम्बन्धित विषयमा तालिम तथा अभिमुखिकरण प्रदान गर्नु पर्नेछ । प्रदान गरिने तालिम तथा अभिमुखिकरणको प्राविधिक पक्षको लागि परियोजना सहयोग इकाईसँग समन्वय गरेर मात्र कार्यक्रमहरुको संचालन गर्नुपर्नेछ । करार सम्झौतामा उल्लेखित कार्यहरुको सम्बन्धमा तयार गरिएको अन्तिम प्रतिवेदनको सार संक्षेपको प्रस्तुती समन्वयकर्ता (सम्पर्क व्यक्ति) लगायत सबै सरोकारवालाहरुलाई पेश गर्नुपर्नेछ । प्रस्तुत कार्यको दिगो व्यवस्थापनको लागि स्थानीय सरकारलाई आवश्यक कार्य तथा रणनीति सहितको सुझावहरु पेश गर्नेछ ।

**(छ) परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नु पर्ने कामको लागि लाग्ने अनुमानित समयः**

यस कामको लागि परामर्शदाता (स्थानीय सेवाप्रदायक संस्था)सँग हुनु पर्ने आवश्यक योग्यता, ग्राह्यता र अनुभव योग्यता सम्बन्धी खण्डमा उल्लेख भएको विवरणको अतिरिक्त तपसिल बमोजिम हुनुपर्नेछ ।

**छ.१.** यस सम्बन्धमा निम्न योग्यता संस्थागत रुपमा हुनु पर्नेछ :

- **कानूनी हैसियतः** नेपाल सरकारको प्रचलित कानून र स्थानीय सरकारको नीति बमोजिम सेवा प्रदायक संस्थाको रुपमा गठन भएको र सम्बन्धित आधिकारिक निकायमा दर्ता भई नियमानुसार नवीकरण भएको ।
- **कानूनी अनुमतिः** नेपाल सरकारको प्रचलित कानून बमोजिम नेपाल सरकार, दातृ निकाय वा बाह्य संघ संस्थाहरुबाट अनुदान प्राप्त गर्ने र सो अनुसार कार्यक्रम संचालन गर्ने अनुमति प्राप्त भएको ।
- **कार्यकारी समिति र कर्मचारीः** कुनै प्रकारको राजनीतिक पार्टीमा सक्रिय रुपमा सदस्यता नलिएको कार्यकारी समिति र कर्मचारी भएको ।

- **संस्थागत व्यवस्थापनः** सुशासनको मान्यता प्रति प्रतिबद्ध तथा अद्यावधिक विधान भएको एवं विधान बमोजिम कार्यकारी समिति बैठक तथा साधारण सभाको नियमितता । साथै आर्थिक, प्रशासनिक तथा मानव संसाधन नियमावली भएको ।
- **क्रियाशीलताः** कम्तीमा विगत पाँच वर्षदेखि सम्बन्धित जिल्लामा निरन्तर रुपमा क्रियाशील रहेको ।
- **परियोजना व्यवस्थापन क्षमताः** योजना तथा बजेट तयार पार्ने, परियोजनाका गतिविधि कार्यान्वयन गर्ने, अनुगमन गर्ने, सम्बन्धित सरोकारवालाहरुसँग प्रभावकारी समन्वय गर्ने, तथा प्रगति विवरण तयार पार्ने क्षमता भएको ।
- **सामाजिक समावेशीकरणः** लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको सिद्धान्त प्रति प्रतिबद्ध तथा समावेशीमूलक कार्यकारी समिति र कर्मचारी भएको ।
- **अनुभवः** सामाजिक परिचालन, मानवअधिकार, सुशासन, मानव बेचबिखन विरुद्ध, पिछडिएको तथा सिमान्तकृत वर्गको सशक्तीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको अनुभव भएको संस्थालाई ग्राहयता दिईनेछ ।

## छ.२. आवश्यक सांगठनिक ढाँचा, कार्यालय र जनशक्तिः

**परामर्शदाताको (स्थानीय सेवा प्रदायक संस्थाको) सांगठनिक ढाँचा र कार्यालय व्यवस्थापन तपसिल बमोजिम हुनुपर्नेछ :** स्थानीय सेवा प्रदायक संस्थाले यस परियोजनाको प्रयोजनको लागि छुटटै सांगठनिक ढाँचा तयार गर्नु पर्नेछ । साथै, यस परियोजनाको दैनिक कारोबारको प्रयोजनको लागि स्थानीय सेवा प्रदायक संस्थाले स्थानीय सरकार र परियोजना सहयोग इकाईको स्वीकृत मापदण्ड बमोजिमको साइनबोर्ड सहित न्यूनतम भौतिक पूर्वाधार भएको कार्यालय वा सम्पर्क कार्यालयको व्यवस्था गर्नुपर्नेछ । यस्तो कार्यालय स्थापना गर्दा संस्थाको मौजूदा सुविधाहरुको प्रयोगलाई प्रोत्साहन दिइनेछ । स्थानीय सेवा प्रदायक संस्थाले परियोजनाका गतिविधि कार्यान्वयन गर्नको लागि कर्मचारी स्वयंसेवक छनौटका आवश्यक प्रक्रियाहरु पुरा गरी निम्नानुसारको जनशक्ति व्यवस्था गर्नु पर्नेछः

### छ.२.१. जनशक्तिको पद तथा योग्यता

| क्र.सं | पद | योग्यता | कार्य अवधि | कार्य विवरण |
|---|---|---|---|---|
| १ | परियोजना संयोजक | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, शिक्षा, कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । | महिना | • सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने,<br>• कार्य योजना, बजेट तथा बार्षिक कार्य तालिका तयार गरी तथा कार्यान्वयन गर्ने,<br>• प्रगति प्रतिवेदनहरु तयार गर्ने,<br>• सुरक्षित आप्रवासन सम्बन्धि अध्ययन, अनुसन्धान तथा आधारभूत सर्वेक्षण कार्यमा सहयोग गर्ने,<br>• सञ्चालित विभिन्न क्रियाकलापहरु तथा कर्मचारीहरुको नियमित निरीक्षण |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्ने,<br>● स्थानीय तहहरु, परियोजना सहयोग इकाई तथा सम्वन्धित सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गर्ने, |
| २ | लेखा तथा प्रशासन अधिकृत | व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा ३ वर्षको कार्यानुभव | महिना | ● सम्झौता अनुसार कार्य सम्पादनको लागि आर्थिक तथा प्रशासकीय पक्षसंग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरुको कार्यान्यवन गर्ने,<br>● विनियोजित बजेटको अनुगमन तथा नियन्त्रण गर्ने,<br>● आर्थिक प्रतिवेदन तयार गर्ने,<br>● सम्पूर्ण आर्थिक कारोबारहरुको अभिलेख दुरुस्त राख्ने,<br>● आन्तरिक नियन्त्रण प्रणालीलाई सुनिश्चित गर्ने,<br>● सामग्री तथा सेवा खरीद योजना तथा प्रक्रियालाई सहजीकरण गर्ने, लजिस्टिक व्यवस्थापन गर्ने, |
| ३ | सूचना तथा परामर्शकर्ता | न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्यमा वा सामाजिक परिचालनको क्षेत्रमा कम्ती ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलनचल्तिको स्थानीय भाषा जानेकोलाई प्राथमिकता दिईनेछ । दुई जना परामर्शकर्ता मध्ये एक जना महिला अनिवार्य हुनुपर्नेछ । | महिना | ● जिल्ला प्रशासन कार्यालयमा पासपोर्ट वनाउन आउने महिला तथा पुरुषहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्ने,<br>● सम्भावित आप्रवासी कामदारहरुलाई सीप तालिमको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने,<br>● आप्रवासी कामदारहरुसंग सन्बधित मुद्दाहरुलाई (जस्तै उद्धार, शव झिकाउने तथा क्षतिपूर्ति, मेडिकल फेल, ठगी आदि) आवश्यक सहयोगको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने,<br>● सेवाग्राहीहरुको अनलाईन अभिलेख राख्ने, |

| | | | | |
|---|---|---|---|---|
| | | | | • जिल्ला प्रशासन कार्यालय, रोजगार सेवा केन्द्र, सम्वन्धित स्थानीय तह तथा राष्ट्रिय साझेदार संस्थाहरु तथा सरोकारवालाहरुसंग समन्वय गर्ने, |
| ४ | मनोसामाजिक परामर्शकर्ता | न्यूनतम प्रविणता प्रमाणपत्रतह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएकोवा परामर्श सम्वन्धी १ वर्षको अनुभव रहेकोर, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br><br>उमेरको हद : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ वर्ष भन्दा माथीका उमेर समुहलाई प्राथमिकता दिईने छ । चारजना परामर्शकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ । | महिना | • समुदायमा मनोसामाजिक परामर्श सेवाको आवश्यकता रहेका वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारहरु घर पहिचान गर्ने ।<br>• वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरुलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।<br>• समूहमा छलफल चलाउने ।<br>• मनोपरामर्शको माध्यमवाट प्रभावित व्यक्तिहरुमा विभिन्न आरोप र लाञ्छनालाई कसरी सामना गर्ने भन्ने शिपको बिकाश गर्न मद्दत गर्ने।<br>• भावनात्मक समस्या (डिप्रेशन) बढी भएका परिवारका सदस्यहरुमा आत्महत्याको जोखिमको लेखाजोखा गरी आत्महत्या रोकथाम गर्न सहयोगी हुने तरिका प्रयोग गर्दै मनोपरामर्श गन<br>• वै.रो.को कारणले गहन मनोसामाजीक समस्यामा परेका महिला तथा पुरुषहरुलाई थप मनोपरामर्शका लागि सहयोगी संस्थासंग सम्पर्क गराउने । |
| ५ | सामाजिक परिचालक | न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी सामाजिक परिचालनको क्षेत्रमा | महिना | • विभिन्न समुदायमा आधारित समूहहरु तथा क्लवहरुलाई सुरक्षित आप्रवासनस सम्वन्धित |

| | | | | |
|---|---|---|---|---|
| | | १ वर्षको अनुभव वा १० कक्षा पास गरी २ वर्ष बैदेशिक रोजगारमा काम गरी फर्किएर समाजिक परिचालनको काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ । | | सूचना तथा आप्रवासी स्रोत केन्द्रको वारेमा नियमित सचेतकिरण गर्ने,<br>● आफ्नो कार्यक्षेत्रमा संभावित आप्रवासीहरुहरुको पहिचान गरी आप्रवासी स्रोत केन्दमा परामर्श लिनका लागि पठाउने, सीप तालिमको लागि सिफारिस गर्ने, बैदेशिक रोजगारमा समस्यामा परेका कामदारहरुको मुद्धाहरु पहिचान गरी आप्रवासी स्रोत केन्द्रमा पठाउर्ने,<br>● कार्यक्रम गतिविधिहरुको प्रतिवेदन कार्यक्रम संयोजकलाई पेश गर्ने,<br>● कार्यक्रमका क्रियाकलापहरु संचालन गर्नका लागि वडा कार्यालयहरु, राजनीतिक दलहरु, सरोकारवालाहरुसंग समन्वय गर्ने, |
| ६ | वित्तीय साक्षरता सहजकर्ता | न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br><br>उमेरको हद : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ वर्ष भन्दा माथीका उमेर समुहलाई प्राथमिकता दिईने छ । चार जना सहजकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ ।<br><br>उमेरको हद : कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ वर्ष भन्दा माथिका | महिना | ● सामुदायिक छलफलबाट तोकिए अनुसार लक्षित सहभागि छनौट गर्ने,<br>● आधारभूत तथा अन्तिम अवस्था विश्लेषणका लागि तथ्याकं तथा विवरणहरु संकलन गर्ने,<br>● निर्धारित पाठ्यक्रम अनुसार नतिजामूखी कक्षाहरु संचालन गर्ने ।<br>● घर भेटघाट गरी अनुशिक्षण तथा अनुगमन गर्ने ,<br>● विषयसँग सम्वन्धित सरोकारवाला तथा निकायसँग समन्वय, सहकार्य गरी सहभागिहरुको सम्वन्ध स्थापित गर्न सहयोग गर्ने ,<br>● मनोसामाजिक परामर्शकर्ता तथा परियोजनाका अन्य कर्मचारी र संयन्त्रसँग समन्वय गर्ने ,<br>● तोकिएको ढाँचा तथा समय भित्र प्रतिवेदन उपलब्ध गराउने, |

| | | | | |
|---|---|---|---|---|
| | | महिलालाई प्राथमिकता दिईनेछ। | | |
| ७ | रिटर्नी स्वयंसेवक | न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | महिना | • वैदेशिक रोजगारमा जाने संभावित व्यक्तिहरु, फर्केका कामदार वा संलग्न कामदारका परिवारसँग भेटघाट गरी सुरक्षित वैदेशिक रोजगारबारे जानकारी दिने तथा उनीहरुलाई आप्रवासी स्रोत केन्द्रमा पठाउने,<br>• सम्भावित आप्रवासी कामदारहरुलाई सीप तालिमको थप जानकारीका लागि आप्रवासी स्रोत केन्द्रमा पठाउने,<br>• आप्रवासी कामदारहरुसंग सन्बधित मुद्दाहरुलाई (जस्तै उद्धार, शव झिकाउने तथा क्षतिपूर्ति, मेडिकल फेल, ठगी आदि) आवश्यक सहयोगको लागि आप्रवासी स्रोत केन्द्रमा पठाउने |

द्रष्टव्य: माथि उल्लिखित जनशक्ति मध्ये परियोजना संयोजक र लेखा तथा प्रशासन अधिकृतलाई मात्र प्रत्येक पालिकाको लागि मुख्य विज्ञ (Key Experts) को रुपमा मुल्याँकनको नम्बरमा समावेश गर्ने गरी अन्य सबै विशेषज्ञ वा पदहरु परामर्शदाताले स्थानीय रुपमा आवश्यकतानुसार भर्ना गर्दा उपर्युक्त अनुसारको योग्यता तथा अनुभवको साथै सम्बन्धीत कामहरु गर्ने गरी भर्ना गर्नुपर्नेछ।

### छ.२.२. आवश्यक जनशक्ति

| क्र.सं. | पद | आप्रवासी श्रोत केन्द्र रहने भद्रपुर नगरपालिका | आप्रवासी श्रोत उप केन्द्र रहने गौरीगञ्ज गाउँपालिका | मेचीनगर नगर पालिका | दमक नगर पालिका | मुख्यविज्ञ ( Key Experts) को रुपमा परियोजना प्रस्तावमा खुलाउनु पर्ने पदहरु |
|---|---|---|---|---|---|---|
| १ | परियोजना संयोजक | १ | | | | मुख्य विज्ञ |
| २ | लेखा तथा प्रशासन अधिकृत (७५ प्रतिशत) | १ | | | | मुख्य विज्ञ |
| ३ | सूचना तथा परामर्शकर्ता | २ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मनोसामाजिक परामर्शकर्ता | १ | १ | १ | १ | |
| ५ | सामाजिक परिचालक | १ | | | | |
| ६ | वित्तीय साक्षरता सहजकर्ता | १ | १ | १ | १ | |
| ७ | रिटर्नी स्वयंसेवक | ३ | ३ | ३ | ३ | |
| ८ | सूचना तथा परामर्श कर्ता (आप्रवासी श्रोत उप केन्द्र रहने स्थानीय सरकारमा) | | १ | | | |

**पुनश्चः**

**क)** माथि उल्लेखित जनशक्तिको कार्यगत शर्तनामा स्थानीय तह परियोजना व्यवस्थापन समितिको स्विकृतीमा स्थानीय सेवा प्रदायक संस्थाले उपलब्ध गराउनेछ । उक्त विषयमा परियोजना सहयोग इकाईले आवश्यक सुझाव प्रदान गर्नेछ ।

**ख)** सबै कर्मचारीको करार अवधि सेवा प्रदायक संस्थासंग हुने परियोजना संझौता अवधि अनुसार हुनेछ । संस्थाको नियमानुसार कर्मचारीको परीक्षणकाल राखिनेछ । परीक्षणकाल पछि कार्य सम्पादन मुल्याङ्कनका आधारमा बाँकी करार अवधि थप गर्न सकिनेछ ।

**ग)** मुख्य विज्ञहरु छनौट र प्रस्ताव गर्दा विज्ञताको आधारमा गर्नु पर्नेछ र बाँकी कर्मचारीहरु छनौट गर्दा सार्वजनिक सूचना निकाली खुल्ला प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ र सो प्रक्रियामा आवश्यकता अनुसार स्थानीय तह र परियोजना सहयोग इकाई सहयोग लिन सकिनेछ ।

**घ)** कर्मचारी छनौट तथा नियुक्तीमा संघीय सरकार तथा स्थानीय सरकारले तय गरेको समावेशीनीतिलाई पालना गर्नु पर्नेछ । दलित, आदिवासी, जनजाती, महिला तथा अन्य पछाडी पारीएका समुदाय र बैदेशिक रोजगारीमा गई फर्किएका साथै आप्रवासनको क्षेत्रमा काम गरी दक्ष कार्य अनुभव भएका व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

**(ज) परामर्शदाताले काम शुरु गर्ने र सम्पादन गरिसक्नु पर्ने समयः**

यस परियोजनाको अवधि १५ जुलाई २०२२ सम्म (२०७८।७९ सम्म) रहनेछ । सेवा प्रदायक संस्थासँग आ.व. २०७७।०७८ को असार मसान्तसम्मको अवधीको लागि कार्य सम्झौता हुनेछ । सो अवधि पश्चात परामर्शदाताको सो आर्थिक वर्षको कामको आधारमा वार्षिक मुल्याँकन गरी सन्तोषजनक कार्य सम्पादन भएमा र नेपाल सरकारबाट वार्षिक बजेट तथा कार्यक्रम प्राप्त भएमा अन्तिम आर्थिक वर्षको लागि समेत म्याद थप गर्न सकिनेछ ।

**(झ) परामर्शदातालाई उपलब्ध गराउने सूचना, भौतिक सुविधा, उपकरणको विवरणः**

परामर्शदातालाई प्रस्तुत कार्य सम्पादन गर्न सुचना केन्द्र वा उपकेन्द्र स्थापनाको लागि स्थानीय तह तथा परियोजना सहयोग इकाईले आवश्यक सहयोग र समन्वय गर्नेछ । सो बाहेक कार्यसम्पादन गर्न आवश्यक पर्ने सम्पूर्ण भौतिक र कार्यालय व्यवस्था तथा आवश्यक उपकरणहरुको व्यवस्था स्वयं परामर्शदाताले गर्नुपर्नेछ । ती सबै लागत तथा खर्च व्यवस्थापनको लागि परामर्शदाताले सोधभर्ना हुने खर्चहरुको विवरणमा आवश्यक खर्चको व्यवस्था गरी कार्य सम्पादन हुने व्यवस्था गर्नुपर्दछ ।

**(ञ) प्रतिवेदन पेश गर्नेः**

परामर्शदाताले माथि उल्लेखित प्रत्येक खण्डहरुमा उल्लेखित अभिलेख र प्रतिवेदनहरु नियमित रुपमा पेश गर्नुपर्ने छ । यस सम्बन्धमा निम्न प्रतिवेदनहरु पेश गर्ने व्यवस्था गर्नुपर्ने छः

- **मासिक प्रगति तथा आवधिक प्रतिवेदन**ः कार्य क्षेत्रगत शर्तको प्रत्येक क्रियाकलापको लागि मासिक प्रतिवेदनको ढाँचा समन्वयकर्ता (सम्पर्क व्यक्ति) र परियोजना सहयोग इकाइले उपलब्ध गराउने छ । यस्तो प्रतिवेदनमा लक्ष्य अनुसार प्रगति नभएको अवस्थामा सो कारण पनि उल्लेख गरी सो समस्या समाधानको पहल गर्नुपर्नेछ । यसको साथै आवधिक रुपमा कुनै प्रतिवेदन समय समयमा माग भएमा परामर्शदाताले त्यस्तो प्रतिवेदन माग भए अनुसार उपलब्ध गराउनु पर्नेछ ।

- **अन्तिम मस्यौदा प्रतिवेदनः** परामर्शदाताले करार सम्झौता बमोजिमको कार्यसम्पादन गरेपछि समग्र करार सम्झौताको कार्यहरुको भौतिक तथा वित्तीय प्रतिवेदन सहित प्रतिफल तथा उपलब्धीको साथै सिकिएको पाठ सहीतको अन्तिम मस्यौदा प्रतिवेदन स्थानीय तहको सरकारको समन्वयकर्तालाई पेश गर्नु पर्नेछ । यस्तो प्रतिवेदनमा समन्वयकर्ता र परियोजना सहयोग इकाई प्रतिनिधिको राय सुझाव वा प्रतिक्रियाको लागि करार सम्झौता सकिनु १० (दश) दिन अघि पेश गर्नुपर्नेछ । सो अवधिभित्र परामर्शदाताले करार सम्झौता सकिनु कम्तीमा ५ दिन अघि निजहरुबाट सुझाव वा प्रतिक्रिया प्राप्त गर्न पहल गर्नुपर्नेछ ।

- **अन्तिम प्रतिवेदन** : परामर्शदातालाई अन्तिम मस्यौदा प्रतिवेदनमा कुनै राय सुझाव प्रतिक्रिया प्राप्त भएमा सो अनुसार सम्बन्धित दफा वा विषयमा प्रतिवेदनलाई अन्तिम रुप दिई करार सम्झौता सकिनु २ दिन वा कम्तीमा अन्तिम दिनमा अन्तिम प्रतिवेदन दिनुपर्नेछ । सो प्रतिवेदनसाथ करार सम्झौता अन्तर्गत प्राप्त भएका सम्पूर्ण विवरण तथ्याँक तथा कागजातहरु पनि स्थानीय तहमा समन्वयकर्ता मार्फत बुझाउनु पर्नेछ । अन्तिम प्रतिवेदन पछि परामर्शदाताले कार्य स्वीकार प्रतिवेदन समन्वयकर्ताबाट प्राप्त गरी वित्तीय कारोबार तथा कर सम्बन्धी प्रावधानलाई फरफारक गरी करार बन्द गर्नु पर्दछ ।

**(ट) परामर्शदाताले पेश गर्नु पर्ने प्रतिवेदन, तथ्यांक, नक्सा, सर्भे प्रतिवेदन आदिको विवरण**ः

करार सम्झौता सम्पन्न भए पछि माथि प्रतिवेदन खण्ड(**ञ**) मा उल्लेख भए बमोजिमको अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ । यसको अतिरिक्त करार सम्झौता बमोजिमको कार्यहरुको कार्य प्रगति प्रतिवेदन देखिने गरी तथ्याँक सहीतको प्रतिवेदन सहीत करारको अवधिको दौरानमा संकलन भएको तथ्याँक, नक्शा तथा सर्भेक्षण प्रतिवेदनहरु परामर्शदाताले कार्य स्वीकार प्रतिवेदन उपलब्ध गराउनु अघि करार सम्झौता समन्वयकर्तालाई पेश गराउनु पर्नेछ ।

# ठ) कार्य तालिका (Work Schedule)

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | सम्झौता भएको मितिलाई आधार मानि मासिक तथा साप्ताहिक आधारमा तयार गरिएको कार्य सञ्चालन योजना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | ६ | | | | ७ | | | | ८ | | | | ९ | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| परियोजना संयोजक र वित्त तथा प्रशासन अधिकृत परिचालन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सामग्रीको पुनरावलोकन (रिभ्यू अफ लिटरेचर) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पदाधिकारीहरुसंग छलफल र बैठक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| शुरु प्रतिवेदन दिने (Inception Report) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कर्मचारीहरु तथा स्वयक सेवक भर्ना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **आवश्यक फनिचर तथा सामान खरिद** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **कार्यालय व्यवस्थापन (Office Setup)** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **कर्मचारीहरुलाई अभिमुखीकरण तथा तालिम** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **सूचनामा पहूँच** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जानकारीमूलक सूचनाहरु (Visiting card) छपाई तथा वितरण गर्नेः - Leaflet | नियमित | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **जिल्ला/ईलाका प्रशासन कार्यालयमा आप्रवासी श्रोत केन्द्र तथा आप्रवासी श्रोत उपकेन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापनः** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | सम्झौता भएको मितिलाई आधार मानि मासिक तथा साप्ताहिक आधारमा तयार गरिएको कार्य सञ्चालन योजना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | ६ | | | | ७ | | | | ८ | | | | ९ | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| आप्रवासी श्रोत केन्द्रमा व्यक्तिगत तथा समूह परामर्श प्रदान : | ६५०० जना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सूचना/परामर्श प्रदान गरे पछि सम्भावित आप्रवासी व्यक्तिहरुलाई फोन मार्फत अनुशरण (फलोअप:) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| बैदेशिक रोजगारीबाट फर्केर आएका स्वयंसेवक (Returnee volunteer) छनौट, अभिमुखिकरण र परिचालन | १२ जना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| बैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासीहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी समुदायमा गहन अभिमुखिकरण कार्यक्रम : | २० पटक (प्रति कार्यक्रम १५ जना) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| समुदाय स्तरमा विभिन्न समूहहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण | ४० समूहहरु ,एक समूहमा दुई पटक,३० जना प्रति समुह | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| सुरक्षित वैदेशिक रोजगारीका विभिन्न सवालहरुमा सार्वजनिक महत्वका छोटो सुचनाहरु स्थानीय एफएम रेडियो (दुई एफएम रेडियोहरु) बाट प्रशारण: | नियमित | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| स्थानीय जनप्रतिनीधी/सरकारहरुसंग सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अन्तरक्रिया कार्यक्रम: | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| रोजगार सेवा केन्द्र संयोजकहरुलाई बैदेशिक रोजगार सम्बन्धि अभुमूखिकरण | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | सम्झौता भएको मितिलाई आधार मानि मासिक तथा साप्ताहिक आधारमा तयार गरिएको कार्य सञ्चालन योजना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | ६ | | | | ७ | | | | ८ | | | | ९ | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| बैदेशिक रोजगारीका सन्दर्भमा ठगी वा समस्यामा परेका व्यक्तिहरुलाई कानुनी तथा अन्य सम्बन्धित सहयोग तथा आवश्यक समन्वय गर्ने | आवश्यकता अनुसार | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पत्रकारहरुसंग सुरक्षित बैदेशिक रोजगारी संवन्धी १ दिने अन्तरक्रिया कार्यक्रम | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| नेपाल प्रहरीहरुसंग सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रमः | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| अन्तराष्ट्रिय आप्रवासन दिबस (१८ डिसेम्बरमा राख्ने) संचालन गर्ने | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मनोसामाजिक परामर्श कार्यक्रम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| बैदेशिक रोजगारीका कारणले मानसिक तनावमा रहेका परिवारका सदस्यहरुको पहिचानः | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| बैदेशिक रोजगारीका कारणले तनावमा रहेका परिवारका सदस्यहरुलाई ब्यक्तिगत मनोसामाजिक परामर्शः | कम्तीमा ६४ जना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| वित्तीय साक्षरता कार्यक्रम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यहरुको पहिचान तथा भेला तथा कक्षा संचालन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यहरुको समूह गठन | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| क्रियाकलापहरु | वार्षिक लक्ष्य | सम्झौता भएको मितिलाई आधार मानि मासिक तथा साप्ताहिक आधारमा तयार गरिएको कार्य सञ्चालन योजना | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | | | २ | | | | ३ | | | | ४ | | | | ५ | | | | ६ | | | | ७ | | | | ८ | | | | ९ | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| **विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यका लागि मनोसामाजिक परामर्श सहितको वित्तिय साक्षरता कक्षा सञ्चालन** | १६ समूहहरु ( २५ जना प्रति समूह) | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **विप्रेषण प्राप्त गर्ने परिवारका सञ्जाल गठन तथा विस्तार** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **रिर्टनी माईग्रेन्टहरुको सञ्जाल गठन** | ४ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **रिर्टनी माईग्रेन्टहरुको सञ्जाल क्षमता विकास** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **रिर्टनी माईग्रेन्टहरुको सञ्जाल परिचालन** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **समन्वय तथा अनुगमन** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| स्थानीय तह परियोजना व्यवस्थापन समिति, जिल्ला परियोजना समन्वय तथा अनुगमन समिति बैठकहरु | नियमित | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **आप्रवासी श्रोत केन्द्र समन्वय वैठक** | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| परियोजना कर्मचारीहरुको अध्ययन भ्रमण | १ पटक | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मासिक प्रतिवेदन दिने | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चौमासिक प्रतिवेदन दिने | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मस्यौदा अन्तिम तथा अन्तिम प्रतिवेदन दिने: | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |